म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९१ आइतबार २७ कात्तिक २०७९ ने. सं. ११४३ कछलाथ्व 13 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**लागूऔषध रहित परिवार, स्वस्थ जीवनको आधार**

☞ लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
☞ लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
☞ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।
☞ स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडाको उद्योगलाई सञ्चालन गरेर रोजगारी सिर्जना गर्छु: डीना

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर-१ को उम्मेदबार नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले हेटौंडामा रहेको उद्योग कलकारखानालाई पूर्ण क्षमतामा सञ्चालन गरेर रोजगारीको सिर्जना गर्ने बताएकी छन् ।

शनिबार मकवानपुरका महिला पत्रकारहरुसँगको छलफलमा डीनाले यस्तो बताएकी हुन् । उनले मकवानपुरमा बेरोजगारीको समस्या अन्त्य गर्नको लागि हेटौंडाको उद्योग कलकारखानालाई पूर्णरुपमा निरन्तर सञ्चालन गर्नुपर्ने बताइन् । डीनाले मकवानपुरबाट निर्वाचित भएर गएकाहरुले हेटौंडाको उद्योगहरुलाई निरन्तर सञ्चालन गर्नको लागि कुनै भूमिका निर्वाह नगरेको भन्दै आफूले त्यसको नेतृत्व गर्ने बताइन् । उनले जिल्लामा रुग्ण भएका उद्योगहरुको साथै नयाँ उद्योगहरु सञ्चालन गर्नको लागि आफूले पहल गर्ने बताइन् । डीनाले मकवानपुरको सबै महिलाहरुको भोट आफूलाई आउने दाबी गरिन् । डीनाले कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, खानेपानी र रोजगारीसँगै महिला र युवाहरुको मुद्दा आफ्नो प्राथमिकतामा रहेको सुनाइन् ।



उनले आफूले महिलाहरुको सशक्तीकरण र अधिकारको लागि विगतमा खेलेको भूमिकाको कारण मकवानपुरको सबै महिलाहरुले आफूलाई भोट दिने दाबी गरिन् । विगतमा महिला आन्दोलनको लागि संसद्मा लडेको स्मरण गर्दै डीनाले संविधानमा महिलाको अधिकार सुनिश्चित गर्न आफूले पार्टीभन्दा माथि उठेर काम गरेको हुँदा मकवानपुरका महिलाहरुले पार्टीभन्दा माथि उठेर भोट दिने बताइन् । उनले अन्य पार्टीको महिला नेताहरुले समेत आफूलाई नै भोट दिने ठोकुवा गरिन् । 'मलाई जिल्लाको अन्य पार्टीको महिला नेताहरुले गठबन्धन नै गरौं पनि भन्नु भएको थियो । तर, त्यस्तो नभए पनि मेरो निर्वाचन क्षेत्रको सबै महिलाहरुले मलाई नै भोट दिनुहुन्छ भन्ने मलाई पूर्ण विश्वास छ', उनले भनिन् ।

डीनाले आफ्नो क्षेत्रका अन्य उम्मेदबारहरु एक अर्काको मात्रै प्रतिष्पर्धी रहेको भन्दै आफूसँगको प्रतिष्पर्धामा कोही पनि नभएको बताइन् । समानुपातिक भनेको महिलाको लागि मात्रै हो भन्ने सोचाई परिवर्तन गर्दै काम गर्नको लागि जनतासँगको साक्षत्कारमा आएको बताइन् । 'मैले समानुपातिकमा पाएको टिकट छोडेर आएको हो ।

महिला भन्ने बितिक्कै समानुपातिकमा नै बस्नुपर्छ भन्ने सोचाईलाई चिर्दै जनताको माझमा बसेर काम गर्नको लागि म आएको हुँ', उनले भनिन् । डीनाले महिलाको निर्वाचन क्षेत्र हुँदैन भन्ने मानशिकता नेपालको राजनीतिको नेतृत्व तहमा रहेको भन्दै विगतमा आफू हार्छु भन्ने थाहा हुँदाहुँदै पनि निर्वाचन लडेको स्मरण गरिन् ।

## वडास्तरीय फुटबलमा ४ नम्बर वडा विजयी

हेटौंडा, २६ कात्तिक/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा भएको वडास्तरीय फुटबल प्रतियोगितामा ४ नम्बर वडाको 'बी' टिम विजयी भएको छ ।

फाइनल खेलमा वडा नम्बर ४ 'बी'ले वडा नम्बर ३ लाई १-० गोल अन्तरले पराजित गरेको हो । जीतका लागि शंकर घलानले निर्णायक गोल गरे । प्रतियोगिताको उपाधि जितेसँगै वडा नम्बर ४ 'बी' ले नगद पचास हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । द्वितीय भएका वडा नम्बर ३ ले नगद २५ हजारसहित शिल्ड मेडल प्राप्त गरेका छन् । प्रतियोगिता भर उत्कृष्ट गोलकर्ताको रुपमा वडा नम्बर ४ 'बी'कै ३ जनाले जनही एक हजार रुपैयाँ प्राप्त गरे ।

वडा नम्बर ४ 'बी'का उमेश पाखिन उत्कृष्ट गोल रक्षक भएका छन् । प्रतियोगिता भरको सर्वोत्कृष्ट खेलाडी भीम बज्यु घोषित भएका छन् । कार्यक्रममा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले पालिकाले खेल क्षेत्रको विकास हेतु हरेक वडा तहबाट खेलकुदका कार्यक्रमलाई प्राथमिकता दिइरहेको बताए । उनले आगामी दिनमा पालिका र प्रदेश सरकार मिलेर खेलाडी प्रोत्साहन कार्यक्रम पनि ल्याउने प्रतिबद्धता जनाए ।

## जिल्लामा खटिने मतदान अधिकृत र सहायकलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुरमा खटिने मतदान अधिकृत र सहायक अधिकृतलाई तालिम प्रदान गरिएको छ ।

मकवानपुरका १० वटा पालिकामा खटिने ८ सय जना मतदान अधिकृत र सहायक अधिकृतका लागि शनिबारदेखि दुई दिने तालिम सुरु गरिएको हो । प्रदेश निर्वाचन कार्यालय हेटौंडाले तालिम दिएपछि कर्मचारीहरुलाई निर्वाचन सामग्री हस्तान्तरण गरेर मतदान केन्द्रमा खटाउने जनाइएको छ ।

जिल्लाको एकसय ६५ वटा मतदान स्थलमा रहेका तीनसय ७४ मतदान केन्द्रमा खटिने सातसय २८ जना र अन्य थप १० प्रतिशत गरी आठ सय जनालाई तालिम दिन सुरु गरिएको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ ।

दुई दिनको तालिम दिएपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट नियुक्ति पत्र बुझेर निर्वाचन कार्यालयले मतदानका दिन चाहिने आवश्यक सामग्री हस्तान्तरण गर्ने तयारी गरेको छ । चुनावमा गर्नुपर्ने सबै कामका विषयमा जानकारी दिएर उनीहरुलाई खटाउन लागिएको मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए ।




प्रत्यक्ष तर्फका र समानुपातिक उम्मेदवारका लागि मत राख्ने तरिका, भीड नियन्त्रण, मसी लगाउने, नाम रुजु गर्ने, दोहोऱ्याएर मत हाल्न आएमा अपनाउनुपर्ने तरिका, मतदाताले गोप्यरुपमा मतदान गर्न पाउने आफ्नो अधिकार लाई सुरक्षित ढंगले प्रयोग गर्नेबारे प्रशिक्षित गराएको छ ।

जिल्लाका एकसय २ वटै वडाका हरेक मतदान केन्द्रमा खटिने सातसय २८ जना मतदान अधिकृत र सहायक अधिकृतलाई तालिम दिन लागिएको उनले बताए । तालिम दिइसकेपछि उनीहरुलाई २८ र २९ गते मतदानका दिन चाहिने सामग्री दिएर सम्बन्धित मतदान केन्द्रमा खटाइने उनले जानकारी दिए । निर्वाचनका लागि खटाइएका कर्मचारी मंसिरको १ गतेभित्र मतदान केन्द्रहरुमा उपस्थित भइसक्नु पर्नेछ ।

## जनताको सेवा गर्न सांसदमा जान खोजेको हो : सिंह



साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य तथा मकवानपुर प्रतिनिधिसभा क्षेत्र नं १ का उम्मेदवार दीपक बहादुर सिंहले जनताको सेवा गर्नको निमित्त आफु सांसदमा जान खोजेको बताएका छन् ।

शनिवार हेटौंडा ४ र ८ नम्बर वडाको घर दैलो अभियान तथा कोण सभाका क्रममा उम्मेद्बार सिंहले आफु भत्ता खान टोपी ढल्काउन र मन्त्री बन्न सांसदमा जान नखोजेको भन्दै जनताको प्रतिनिधि भएर जनताको सेवा गर्नको निमित्त आफु सांसदमा जान खोजेको बताएका हुन् ।

राप्रपा केन्द्रीय सदस्य रहेका सिंहले पार्टीमा अनेक संकट आउँदा चट्टान बनि उभिएको र हेटौंडाको विकासको निमित्त सँधै आवाज उठाउँदै आएको बताए । उनले स्थानीय तहमा जस्तो कुनै पनि कमजोरी नगरि कार्यकर्ताहरुलाई मतदान गर्ने शिक्षा देखि राजेन्द्र लिङ्देनले गरेका राम्रा कामको प्रचार गर्न आग्रह गरे।

यसपटक चुनाव जित्ने धेरै आधारहरु भएको भन्दै बर्तमान अवस्थाबाट जनतालाई बचाउन सके चुनाव जित्ने निश्चित भएको सिंहको भनाई थियो । उनले आफुले चुनाव जितेर गएको अवस्थामा जनताको हितको लागि कानुन बनाउन पहल गर्ने , युवा र विद्यार्थीहरुको विषयमा आवाज उठाउँने र मकवानपुरको विकासमा आहोरात्र खट्ने समेत बताए ।

## बकैयामा प्रभाव छाड्दै गठबन्धनका डीना र छिन्तु

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लाको पूर्वी क्षेत्रमा लोकतान्त्रिक-बाम गठबन्धनका उम्मेदबार जमेका छन् ।

पूर्वी क्षेत्रस्थित बागमती र बकैया गाउँपालिकामा गठबन्धनबाट प्रतिनिधिसभाकी उम्मेदवार नेपाली कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र प्रदेशसभा १ को (क) का उम्मेदवार नेकपा माओवादी केन्द्रका बागमती प्रदेश कमिटी उपाध्यक्ष प्रेमबहादुर पुलामी छिन्तुले प्रभाव छाड्दै छन् । विगत ३ दिनदेखि डीना र छिन्तु पूर्वी क्षेत्रमा सक्रिय भएका हुन् । यसअघि उनीहरु बागमती गाउँपालिकाको बेतिनी, फापरबारीलगायत क्षेत्रमा सक्रिय भएका थिए । डीना र छिन्तुले शनिबारदेखि बकैयामा प्रभाव छोड्न सुरु गरेकी हुन् ।

शनिबार बकैया गाउँपालिका वडा नम्बर ७ भिरकोटमा चुनावीसभा भएको थियो । सभामा निर्वाचन क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्य उम्मेदवार डीना र प्रदेशसभा सदस्य उम्मेदवार छिन्तुले सम्बोधन गरेका छन् । सभालाई सम्बोधन गर्दै डीनाले बस्ती जलाएर खरानी बनाउनेहरुलाई भोट दिनुपर्ने आवश्यकता नरहेको बताएकी छन् । यहाँका भूमिहीनलाई लालपुर्जा दिन्छौं भन्दै भोट मागिरहेको खबर आएको भन्दै डीनाले यस्ता झुटा आश्वासन बाँड्नेलाई मंसिर ४ मा जनताले ठूलै सबक दिने बताइन् । उम्मेदवार डीनाले आफू बिजयी भए केन्द्रीय बजेट ल्याएर यस क्षेत्रको विकास गर्न पहल गर्ने बताइन् ।



कार्यक्रममा प्रदेशसभा सदस्य उम्मेदवार छिन्तुले एक छाक मिठो खुवाउनेलाई होइन देश र जनताको अवस्था बदल्नेलाई भोट दिनुपर्ने बताए । उनले देशलाई विकास र निकास दिने गठबन्धनलाई जिताउन मतदातासमक्ष आग्रह गरेका छन् । आफू यस क्षेत्रबाट अघिल्लोपटक विजयी भएर यहाँको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायतका क्षेत्रमा विकासमा सक्दो पहल गरेको दाबी गरे । उम्मेदवार छिन्तुले बाँकी रहेका कामलाई पूर्णता दिन र नयाँ योजनासहित मकवानपुरको विकास गर्न आफूले फेरी मैदानमा आएको बताए ।

यसैबीच, गठबन्धनका उम्मेदवारहरुले बकैया ७ माटोकोरी हर्द टोलमा टोलसभा गरेको छ । कार्यक्रममा नेकपा माओवादी केन्द्रका समानुपातिक उम्मेदवार लक्ष्मी पाखिन, लोकतान्त्रिक बाम गठबन्धन क्षेत्र नम्बर १ प्रचारप्रसार समिति संयोजक दामोदर खनाल, माओवादी केन्द्र बागमती प्रदेश सदस्य जीवन गोलेलगायतको उपस्थिति थियो ।

## एमाले पत्तासाफ हुन्छ: खतिवडा

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकपा (एकीकृत समाजवादी) का स्थायी कमिटी सदस्य विरोध खतिवडाले आसन्न निर्वाचनमा एमाले पत्तासाफ हुने बताएका छन् ।



शनिबार आयोजित गठबन्धनको युवा भेलालाई सम्बोधन गर्दै खतिवडाले मंसिर ४ गतेको निर्वाचनमा एमाले पत्तासाफ हुने बताएका हुन् । उनले एमाले अध्यक्ष केपी शर्मा ओलीसंग दासहरु मात्र रहेको आरोप लगाउँदै चुनावको नतिजापछि कोही नहुने दावी गरे । '२ तिहाईको सरकार ढल्यो । पार्टी फुट्यो । स्थानीय निर्वाचनमा लज्जास्पद हार हुँदा पनि अझै एमाले अध्यक्षको चेत खुलेको छैन', उनले भने, 'ओली कम्युनिस्टको नाममा कलंक भएर निस्किए ।' एमालेले देशद्रोही, विखण्डनकारी, दमनकारी र मन्डलेसंग एकता गरेको आरोप लगाउँदै उनले यसबाटै एमालेको नीति र विचार प्रष्ट भएको बताए । गठबन्धनको माहौल देखेर विरोधीहरु अत्तालिएको उनको आरोप थियो । चुनावको समयमा हुनसक्ने चलखेलको बिषयमा सतर्क रहन र मतदातालाई बुझाउन खतिवडाले युवाहरुलाई अनुरोध गरे । 'गठबन्धनको उद्देश्य बारेमा जानकारी दिँदै आफ्ना नेताहरुको पहलमा भएका राम्रा कामहरुको बिषयमा समेत जनतालाई बुझाउने कार्यमा लाग्न युवाहरुलाई अनुरोध गर्दछु', उनले भने । गठबन्धनले हारे मुलुकमा फेरि प्रतिगमनको खतरा हुने उनको भनाई थियो ।

## हेटौंडा-१ मा बर्तौला र ढकालको घरदैलो

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ नेकपा एमालेबाट जिल्लाको प्रतिनिधिसमा क्षेत्र नम्बर १ का उम्मेदवार महेश बर्तौला र प्रदेशसभा २ को (क)का उम्मेदवार विष्णु ढकालले हेटौंडाको १ नम्बर वडामा मतदाता भेटघाट गरेका छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर-१ को विभिन्न टोलमा नेकपा एमालेका उम्मेदवार हरुले शनिबार बिहान घरदैलो कार्यक्रम गरेका हुन् । घरदैलो कार्यक्रममा दुवै उम्मेदवारलाई मंसिर ४ गतेको हुने चुनावका दिनमा मतदान गरेर जिताउने प्रतिबद्धता टोलवासीहरुले गरेका छन् । घरदैलो अभियानका क्रममा भेटिएका किशोर, किशोरी, युवा पुस्ता र वृद्धवृद्धाहरुले आशा लाग्दा उम्मेदवार बर्तौला र ढकाल रहेकाले मतदान गर्ने बताएका छन् ।




हेटौंडा-१ को चौकीटोल, चाइनाक्वाटर, बजार क्षेत्र, सहकारी अस्पतालको क्षेत्रलगायतका विभिन्न टोलमा घरघरमा पुगेर आफ्ना पक्षमा मतदान गर्नका लागि उम्मेदवारहरुले आग्रह गरेका हुन् । पहिले पटक-पटक चुनाव जितेकाहरुले विकासका काममा ध्यान नै नदिएकाले जोशिला युवा उम्मेदवार लाई मत दिने स्थानीयले बताए ।

स्थानीय बासिन्दाहरुले सडक पक्की निर्माण गर्नुपर्ने, राप्ती खोलाको समस्या वर्षा याममा धेरै भएकाले बाध बाध्नुपर्ने लगायत कुराहरु उम्मेदवारसमक्ष राखेका थिए ।

## नेवा: देय दबु मकवानपुरको साधारणसभासम्बन्धी सूचना

नेवार समुदायको भाषा, धर्म, संस्कृतिको संरक्षण गर्नुका साथै नेपालको संविधानद्वारा प्रदत्त हक अधिकार प्राप्तिका लागि संघर्षरत् नेवा: देय दबु मकवानपुरको जिल्ला अधिवेशन मिति २०७९/०७/०८ को निर्णय अनुसार निम्नानुसार हुने भएको हुँदा जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

सदस्यता नविकरण तथा सदस्यता लिने अन्तिम मिति: २०७९/०८/१०

**कार्यक्रम**

मिति : २०७९/०८/१६
समय : दिनको २ बजे
स्थान : दर्शन पार्टि प्यलेस, हेटौंडा-१०

**सम्पर्क व्यक्ति:**

बिष्णुलाल श्रेष्ठ, ९८४५१०३५५९
देवकुमार श्रेष्ठ, ९८५५०७७२४७
रामकुमार श्रेष्ठ, ९८५५०३१७६६

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'छाउकोठा' घरमै व्यवस्थित गरौं

स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा विकट गाउँहरुमा घरभन्दा अलि पर लगेर राख्ने गरिन्छ । त्यो राख्ने ठाउँलाई 'छाउगोठ' भन्ने गरिएको छ । शहरी क्षेत्रका स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा भने आफन्त वा अन्य छिमेकीको घरमा लगेर राख्ने गरिएको पाइएको छ । त्यसलाई भने 'छाउकोठा' भन्ने गरिएको पाइएको छ । अशिक्षाको कारणले गर्दा नै स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा घरबाट बाहिरिनु परिरहेको छ । महिलाहरुमा शारीरिक विकासहुँदै जाँदा प्रजनन् स्वास्थ्यसंग जोडिएको विषय हो, महिनावारी । मानिस जन्मिने प्रक्रिया यहि महिनावारीबाट नै हुने गर्दछ । त्यसलाई नै अवैज्ञानिक तरिकाले व्याख्या गरेर महिनावारी हुनु भनेको ठूलो अपराध गर्नू हो भन्ने भ्रै भान पार्दै आइएको छ । त्यसलाई आजैका दिनदेखि सबैले निर्मूल पार्नु पर्दछ ।

महिनावारी महिलाको शारीरिक विकाससंगै नियमित हुने प्रक्रिया हो । यसलाई पहिलोपटक हुँदा किन छिछि र दूर दूर गरिन्छ ? अन्य सामान्य अवस्थामा हुने महिनावारी र पहिलोपटक हुने महिनावारीमा के फरक छ ? यसको चित्तबुझ्दो जवाफ कस्ले दिन्छ ? 'पहिलोपटक महिनावारी हुँदा घरमा बस्नु हुँदैन, अर्काको घरमा लुक्न जानुपर्छ, घाम नै हेर्नु हुँदैन, दाजुभाइको अनुहार हेर्नु हुन्न, त्यसबेला तरकारीको बोटबिरुवा छुँदा कुहिन्छ भन्ने जस्ता रुढिवादी सोच अहिले पनि कायम हुनुमा कस्को दोष छ ? यो आ-आफैंले समिक्षा गरौं ।

पहिलोपटक महिनावारी हुँदा महिलाहरु डराउने, बेस्सरी पेट दुख्ने, कमजोरी हुने समस्याहरु हुने हुँदा पोषण तत्वको पर्याप्त जरुरी र परिवारको साथ अत्यन्तै जरुरी हुन्छ । तर, हाम्रो समाज भने अनावश्यक रुढीवादी सोच पालेर महिलाहरुको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिरहेको छ । त्यसैले 'छाउगोठ' वा 'छाउकोठा' अब घरकै सुविधासम्पन्न कोठामा हुनुपर्छ । पहिलोपटक महिनावारी हुने छोरीहरुलाई पर्याप्त सुविधा भएको र स्वास्थ्य परामर्शदिने स्वास्थ्यकर्मीको उपलब्धतासहित पहिलो महिनावारी हुने अवस्थामा गर्नुपर्ने सरसफाई र पालना गर्नुपर्ने स्वास्थ्य मापदण्डका विषयमा जानकारी दिनु जरुरी छ । पहिलो महिनावारी हुने अवधिलाई तनाव र त्रासको वातावरणभन्दा प्रजनन स्वास्थ्यको विषयमा बुझ्ने र परिपक्व हुने अवधिको रुपमा परिणत गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक २८ गते सोमबार १४ नोभेम्बर २०२२ । मंसिर कृष्ण षष्ठी । कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२५, सूर्यास्त ५:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : राजनीतिमा प्रगति हुने | तुला | : सन्तानबाट खुशी मिल्ने |
| वृष | : शारीरिक परिश्रम गर्नुपर्ने | वृश्चिक | : व्यापारमा केही हानि हुने |
| मिथुन | : पढाइमा प्रगति हुने | धनु | : शत्रु पराजित हुने |
| कर्कट | : विश्वासमा संकट आउने | मकर | : मानसम्मान बढ्ने |
| सिंह | : निर्माण कार्यमा प्रगति | कुम्भ | : विद्यार्थीका लागि लाभदायक |
| कन्या | : सामाजिक काममा सफलता | मीन | : सम्मानित काम हुनेछ |

# निर्वाचनमा भुइँमान्छेका मुद्दा



डा. चिरञ्जीवी भट्टराई

राजनीतिक दलका अतिरिक्त उल्लेख्य संख्यामा स्वतन्त्र व्यक्तिहरू निर्वाचनमा होमिएका छन्, संघ र प्रदेशसभामा पुग्ने लक्ष्यसहित । विगत दिनमा राजनीतिमा सरोकार नराख्ने वर्गलाई पनि निर्वाचनले छोएको छ । राज्यका सबै संयन्त्र त्यतै केन्द्रित छन् । सबै दल तथा उम्मेदवार चुनावी प्रतिज्ञा गर्नमा व्यस्त छन् ।

उता खेती किसानी नै जीविकोपार्जन भएका भुइँमान्छे-किसानले भर्खरै मकैबाली स्याहारेका छन्, तर बाँदर-बँदेल जस्ता जंगली जनावरको आतंकको मारमा छन् । २०७४ को स्थानीय तहको निर्वाचनदेखिका हरेक चुनावमा बाँदर-बँदेल लगायत जंगली जनावरको आतंकका विषयले चर्चा पाउने गरेको छ, किसानले आश्वासन पाउने गर्छन् तर समाधानतर्फ कसैको ध्यान गएको छैन ।

दलका घोषणापत्र तथा भाषणमा उद्योग, व्यापार, रोजगारी, शिक्षा, अर्थतन्त्र, भौतिक तथा आर्थिक विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन आदि विषय फलाक्ने गरिन्छ, तर किसानजस्ता भुइँमान्छेका समस्या र सरोकारले त्यति स्थान पाउने गर्दैन । जबकि निर्णायक मतदाता नै त्यही वर्गमा पर्छन् । फलत: अति पीडितमध्येका कतिपयले कृषि पेसा नै छोडिसकेका छन् भने धेरै असहाय सरकारले केही गर्ला कि भनेर पर्खेर बसेका छन् तर समस्या अझ बढ्दो छ ।

यसैबीचमा नेपाली मिडियामा दुई खाले समाचार आए । एकातिर नेपालले वन्यजन्तुको संरक्षणका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेकाले अन्तर्राष्ट्रियस्तरमा सम्मानित भएको आयो भने अर्कातिर मान्छे र वन्यजन्तुबीचको द्वन्द्वले स्थानीय जनता घरबारविहीन बनेका कथा व्यथा आए ।

साथै खेतीपातीको समयमा रासायनिक मल नपाएका तथा पानी नपरेर खेत बाँझै राख्नुपरेका र बाँदर, बँदेल, हात्ती आदि वन्यजन्तुले खेतीबाली नोक्सान गरेका समाचार पनि धेरै प्रशस्तै आए ।

यस विषयमा खास गरी वातावरण पत्रकारिताका क्षेत्रका दुई जना पत्रकारले फरक धारका लेख समाचार सार्वजनिक गरे । अब्दुल्ला मियाँले (कान्तिपुर दैनिक) बाघ संरक्षणमा नेपालले गरेको उपलब्धि र त्यसको गौरवगाथाका वर्णन गरे भने मुकेश पोखेलले (अनलाइन खबर) वन्यजन्तु खास गरी राष्ट्रिय निकुञ्जवरिपरि बाघले मान्छेका साथै घरेलु चौपाया खाएर आतंक सिर्जना गरेको र जनताको जिउ-ज्यान र रोजीरोटी खोसेको अवस्था समेटे । गत हप्ता मात्रै तनहुँमा ५ वर्षको बालकलाई चितुवाले मारेको समाचार आयो । फलत: मलाई पनि केही लेख्न मन लाग्यो ।

### परम्परागत ग्रामीण अर्थतन्त्र

२०३९ सालतिरको कुरा हो । त्यतिखेर गाउँघरमा सकेसम्म धेरै क्षेत्रफलमा मकैं, धान, गहुँ, जौं, फापर, कोदो, तोरी, केराउ आदि खेती हुन्थ्यो । बुट्यानलाई पनि फाँडेर खेतबारी बनाइन्थ्यो । हाम्रो घरमा ७ ओटा भैंसी, ६ ओटा गाईगोरु र केही बाखा थिए । वयस्क र ज्येष्ठ नागरिक मात्र होइन, बालबालिकाले पनि काम गर्नुपर्थ्यो । त्यहाँ बच्चादेखि वृद्धासम्म सबैलाई प्रशस्तै काम थियो । कसैले पनि विनाकाम खान पाउने अवस्था थिएन । ३ वर्षभन्दा कम उमेरका बच्चा र बिरामी परेर वा बुढ्यौलीले बिस्तरा परेकाबाहेक परिवारका सबै सदस्य एक न एक काममा व्यस्त हुन्थे ।

शारीरिक बलको काम गर्न सक्ने उमेरका सबै कृषि कर्म- खेतीपाती र पशुहरूको हेरचाहमा खटिन्थे भने ज्येष्ठ नागरिकहरू बालबच्चाको रेखदेख र परिवारका सदस्यहरूको जिम्मेवारी बाँडफाँड र खटन-पटनमा लाग्दथे । संयुक्त परिवार थियो । बालबच्चाको लालन पालन, शिक्षा र संस्कारमा ज्येष्ठ नागरिकको विशेष भूमिका हुन्थ्यो । यतिखेर जस्तो वृद्धाश्रम थिएनन् । बालश्रम भन्ने शब्द प्रचलनमा पनि आएको थिएन ।

खडेरी नलागेका वर्षहरूमा एक वर्षको उत्पादनले २ देखि ३ वर्षको खाद्यान्नको सुनिश्चितता गर्दथ्यो । एक वर्ष अनावृष्टि वा अतिवृष्टि, रोगब्याधी आदि लागेर खेती नहुँदा पनि खासै समस्या हुन्थेन । कम जग्गाजमिन हुने वा कम उब्जाउ खेतबारी भएर प्रशस्त अन्नपात नहुनेहरू चलनचल्तीको बार्टर सिस्टम अर्थात् ऐंचोपैंचो वा साटासाटको माध्यमबाट सुरक्षित हुन्थे । खेतीपाती कम हुनेले गाईवस्तु पाल्थे ।

गाईभैंसी, बाखापालन गरेर घिउ, खसी, बोका, भैंसी, गोरु आदि बेच्दथे भने केहीले खाद्यान्नसँग श्रमको साटासाट गर्दथे । अहिले जस्तो पाइलैपिच्छे कर तिर्न पर्दैनथ्यो र धन कमाएर बैंकमा थुपार्ने वा अन्यत्र लगानी गर्ने अवस्था पनि थिएन । लगानी गर्ने एक मात्र क्षेत्र खेतीयोग्य जमिन थियो । पैसा हुनेले तराईमा खेत जोड्थे । जीविकोपार्जन चल्नुमा नै सन्तुष्टि थियो ।

### सरकारी नीतिको प्रभाव

ती कुरा अकल्पनीय हुँदैछन् । भौतिक विकास, आर्थिक विकास र संरक्षणसम्बन्धी सरकारी नीतिले नै गाउँका गाउँ खाली बनाएको छ भन्दा हुन्छ । खेतीयोग्य जमिन बाँझो राखेर युवा शक्ति वैदेशिक रोजगारीमा गएको छ । खेतीपातीका लागि उर्वर फाँट तथा उपत्यकामा सहर बसाउने, जग्गा प्लटिङ गरेर कंक्रिटाइज गर्ने र घरघरमा खेती गरी सदिऔंदेखि आत्मनिर्भर रहेका किसानलाई भारत, युक्रेन, रुस, चीन, अर्जेटिनालगायतका देशबाट आयातित खाद्यान्न, तरकारी तथा फलफूल किन्न बाध्य बनाएको छ र देशको अर्थतन्त्रलाई खोक्रो पारेको छ ।

कस्तो विकास तथा प्राकृतिक स्रोत संरक्षण कसका लागि भनेर सरकारी नीतिमाथि अहिले प्रश्न उठिरहेको छ । उदाहरणका लागि चितवन र मकवानपुरका चेपाङ, तामाङलगायत समुदायको भनाइ छ- 'राज्यले मान्छे बस्नलायक उर्बर समथर भूमिमा वन्यजन्तु पालेको छ र हामीलाई अनकन्टार भीर पाखामा जीवन गुजार्न बाध्य बनाएको छ ।' स्रोतको संरक्षण र दैनिकीमा कतै पनि सम्बन्ध नभएका एलिअन्स् (बाह्य) को चाहनाअनुसार गर्ने कि दिगो उपयोग गर्न मिल्ने खालको संरक्षण नीतिमा जाने भन्ने मूल विवादको विषय हो ।

### वन संरक्षणको इतिहास

२०३६/०३७ सालतिरको वनविनाश र बाढीपहिरोपछि हाम्रो गाउँका नांगा डाँडामा वृक्षरोपण सुरु भयो, सल्लो प्रजातिका रुखबाट । वृक्षरोपण गरेको वनमा चरिचरन बन्द भयो । क्रमश: वनको सबैतिर वृक्षरोपण भयो र चरिचरन बन्द गरियो । वनलाई सामुदायिक घोषणा गरेर घाँसदाउरा संकलन पनि बन्द भयो ।

वर्षको एक दुई पटक खरखडाइ र दाउरा संकलन गर्नेबाहेक वनजंगलमाथि उपभोक्ताको पहुँच रहेन । परिणामत: गाईबस्तुलाई बधुँवा बनाउनुपऱ्यो र घाँस काटेर अत्यावश्यक १/२ ओटा गाईगोरु वा भैंसीबाहेक बढी पाल्न सक्ने सम्भावना रहेन । वन क्षेत्र भने उल्लेख्य रुपमा बढ्यो ।

### वनजंगल बढ्दाको पीडा

जब वन संरक्षणका नाममा वृक्षरोपण भयो र सामुदायिक वन कार्यक्रम लागू गरेर चरिचरन बन्द गरियो, त्यसले गाउँघरबाट गाई भैंसीलाई उन्मूलन नै गऱ्यो भन्दा हुन्छ । युवा शिक्षा र रोजगारीका नाममा सहर पलायन भए । वनजंगलमा जीवजन्तुको एकछत्र राज सुरु भयो । तराईमा बाघको आतंक भएजस्तै पहाडमा चितुवा आतंक छ ।

फरक यति मात्र छ कि बाघले वयस्क मान्छे तथा पशु मार्दो रहेछ भने चितुवाले बालबालिका तथा स-साना पशुपंक्षी । अर्घाखाँचीमा यो वर्षको दसैंमा बाँदर धपाउँदा म आफैं हैरान भएँ भने ४ वर्ष पहिले मेरै छिमेकको ५ वर्षे बालकलाई चितुवाले मारिदियो, जबकि त्यो बच्चा घटनाको दुई घण्टापहिले मसँगै बसेर गफ गर्दै थियो । फलत: स-साना बालबालिका गाउँघरमा राख्नै मिल्दैन । सहरतिरै राखेर पढाउने हुर्काउने प्रबन्ध गर्न बाध्य छन् गाउँले जनता ।

उता तिहारमा गाई पूजा गर्नसमेत गाउँमै एउटा गाई पनि छैनन् । खेतबारी जोत्ने हल गोरु छैनन् । जंगलको घाँस र अन्नपातको खेर जाने अंश खाएर बाँच्ने गोरुको स्थान रुस, अरबबाट डलरमा किनेको डिजेल खाने ट्याक्टरले लिएको छ । घरमै पालेका हलगोरु वा राँगाले जोत्ने ठाउँमा जर्मनी, भारततिर बनेका महंगो ट्याक्टरलाई तिर्नुपरेको छ ।

दाउरा बाल्ने ठाउँमा गोबरग्यास नभएर एलपी ग्यास चलेको छ । कार्बन उत्सर्जन प्रशस्तै बढेको छ । हरितगृह ग्यास उत्सर्जन कम गर्न रैथाने जातका गाईको संख्या घटाउनुपर्छ र उन्नत गाईवस्तु पाल्नुपर्छ भनेर सरकारी नीतिले भन्छ । त्यसका लागि नश्ल सुधार र आधुनिक पशुपालन भनेर सरकारी कार्यक्रमै छन् र अनुदान दिइरहेको छ । गाउँका किसानले पालेका प्रजाति लोप भइसके । पशुपालन, कुखुरा, बंगुर, माछाका लागि आयातित फिड प्रयोग गर्न लगाइएको छ ।

फलत: पैसा जति विदेश गएको छ र किसानको खल्ती रित्तो भएको छ । त्यत्ति मात्र नभएर अर्थ क्षेत्रका विज्ञ तथा सरकारी मान्छेबाट सुनिन्छ- देशको ढुकुटी कम हुँदैछ । शोधनान्तर घाटा बढिरहेको छ र सञ्चित विदेशी मुद्राले सेवा तथा वस्तु आयातका लागि ६/७ महिना मात्रै धान्न सक्छ । नेपाल पनि श्रीलंका जस्तो बन्न सक्छ भन्ने चर्चा व्यापक छ । आखिर किन यस्तो भइरहेको छ भनेर समस्याको जडसम्म पुग्ने गरी गहिरो अध्ययन कसैले गरे जस्तो लाग्दैन ।

### युवाको सहर पलायन मुख्य समस्या

कृषि प्रधान देश भनेर चिनिएको नेपाल अहिले युवा श्रमशक्तिको पलायनसँगै बदि्लएको छ । अवस्था यस्तो छ कि न सहर पसेका युवा गाउँ फर्कन्छन् न त वैदेशिक रोजगारीमा विदेश गएकाहरू नै । तिनी सहरको १०० वर्गफिटको कोठामा खुम्चिएर बस्न तयार छन् तर गाउँको खुला आकाशमा फर्केर खेती-किसानी गर्न तयार छैनन् । पशुपालन, खेतीपाती र खेतबारीको सिँचाइ तथा स्याहार सम्भार, उत्पादनको बजार व्यवस्था आदिका लागि श्रमशक्ति नै छैन । त्यसको भरथेग मेसिनरी प्रयोगबाट गर्न खोजिँदै छ ।

### निष्कर्ष

त्यसैले यो विगत ४/५ दशकदेखिको 'ट्र्याप'लाई समग्रता हेर्नुपर्छ । फरक तरिकाले अघि बढ्न जरुरी छ, जहाँ मान्छे (समुदाय) र तिनका जीविकोपार्जनका माध्यम प्रकृतिका अभिन्न अंग हुन् र एउटा समस्या नियन्त्रण गर्न खोज्दा सन्तुलन बिग्रेर अर्को समस्या आइलाग्छ भन्ने बुझ्न जरुरी छ । निकुञ्जभित्र सुकेको रुख स्थानीयलाई दाउराका लागि दिए हुँदैन भनेर जिज्ञासा राख्दा- त्यहाँ कमिलाको सिंगो पारिस्थितिकीय प्रणाली हुन्छ, त्यसैले संरक्षण गर्नुपर्छ भन्ने सोचबाट माथि उठ्नुपर्छ ।

बजारले नै सबै कुराको निर्धारण, सञ्चालन र नियन्त्रण गर्ने कुरामा विश्वास राख्ने खालको शिक्षा प्रणालीबाट निर्देशित हुँदासम्म समस्याको दिगो समाधान हुन सक्दैन । बजारले त समस्या आइपऱ्यो भने अवसर देख्छ । बजार बढ्ने र नाफा झन् बढ्ने देख्छ । त्यसैले अब भौतिक विकास, शिक्षा, अर्थतन्त्र र संरक्षणलाई पनि नयाँ तरिकाले सोच्नुपर्छ ।

अन्यथा, आत्मनिर्भर र सबै कुराले सम्पन्न किसान जनता भिखारी बन्ने र सीमित व्यापारी पुँजीपति अझ धनी बन्ने क्रम जारी रहने छ । जनताको चित्कार सुन्ने र समाधान गर्ने कोही हुने छैन । राज्य व्यवस्था नै ठेकेदार, व्यापारी र दलालको हातबाट बाहिर निस्कन सक्ने छैन । सायद, यो सबै सरकारी नीतिका कारणले हुँदै छ । त्यसैले यो निर्वाचनले उक्त विषयमा गम्भीर भएर सोच्न सक्ने प्रतिनिधि छान्छ कि बजारका दलाल तथा ठेकेदारलाई मात्र, हेर्न केही समय पर्खौं ।

*(स्रोत: ई-कागज)*

# चुनावले जन्माएको चेतनाको विद्रोह



नवराज सुवेदी

लोकतन्त्रको एउटा सबैभन्दा ठूलो सुन्दरता भनेकै आवधिक निर्वाचन हो । शक्तिको केन्द्रमा बसेर राज्य सत्ताको बागडोर सम्हाल्ने एवं राज्यको नीति निर्माण तहमा पुग्ने राजनीतिककर्मीहरु पुन: जनताको विचमा परीक्षण हुने, नयाँ नेतृत्वहरु थपिने र आम मानिसको हातमा सत्ताको चाबी आउने अभूतपूर्व पर्व हो निर्वाचन ।

संसारका चुनावमा देखिएका पुँजीवादी एवं पैसा हुनेहरुको हस्तक्षेप र गलत अभ्यासका परिपाटीहरु पूरा विश्वले व्यहोरिरहेको छ । चुनावी अभ्यासका नराम्रा परिपाटीहरुबाट संसार भरका विकसित राष्ट्रहरुदेखि विकासशील राष्ट्रका जनताहरुले निर्वाचन पछिको परिणाम र नेतृत्वले समाज एवं राष्ट्रलाई दिने योगदानको अवस्थालाई बुझ्न थाले, जसका कारण चुनावी यात्रामा जनताहरु राजनीतिकर्मीहरु भन्दा एक कदम अगाडि देखिन्छन् ।

जसरी समुद्रमा पानीको बहावसँगै केन्द्रबाट छालको लहर आफ्नो अस्तित्वलाई किनारासम्म पुऱ्याउँछ, ठिक त्यसैगरी जनताको चेतनाको छालले राज्यनिर्माताहरु, क्षमतावान, उत्तरदायी र समुदायका लागि आफूलाई समर्पण गर्ने स्वभावका हुनुपर्छ भन्ने मान्यतालाई स्थापित गर्न खोजेको देखिन्छ । यसका साथसाथै गोप्य मतदानका कारण एउटा मानिसलाई कुनै पनि कुराको सीमाभित्र परेर वा बन्धनमा परेर भोट दिनुपर्ने बाध्यता नै हुँदैन, खुसी मनका साथ, आफ्नो बहमले जे देख्छ, जसलाई योग्य देख्छ, त्यसैलाई भोट दिनुपर्छ भन्ने मान्यताको अभ्यास नेपालमा एउटा छालजस्तै गरेर बढीरहेको छ ।

गत बैशाखमा भएको स्थानीय तह निर्वाचनमा जनताले राजनीतिमा पुस्तान्तरण एवं तीव्र विकासको क्रममा रहेको समाजलाई सम्वोधन गर्न सक्ने क्षमता भएको नेतृत्व खोजेका छन् भन्ने उदाहरण काठमाडौं, धरान र धनगढीबाट देखाइदिए ।

काठमाडौं, धरान र धनगढीको परिणाम वर्षौंसम्म राजनीतिक अभ्यासमै लागेको मान्छे मात्र होइन, जोसुकै भुईंमान्छे पनि योग्य छ भन्ने उदाहरण थियो । त्यहाँका मतदाताले पार्टीको घेराभन्दा माथि उठेर निर्वाचन परिणामलाई अनपेक्षित बनाउन योगदान दिए जसका कारण, अहिले युवा सक्रियता र ऊर्जाले निर्वाचनको माहोललाई नै फरक बनाइदिएको छ । यो राजनीतिक चेतनाको विद्रोह हो, यही नै लोकतन्त्रको सुन्दर पक्ष हो । यो चेतनाको विद्रोह कति सम्हालिएर अगाडि बढ्छ, त्यसले नै नेपाल र नेपालीको भाग्य/भविष्य निर्धारण गर्ने छ ।

अहिलेको यो माहोललाई कसरी बुझ्ने भन्ने प्रश्न ज्वलन्त बनेको छ । जुन दिन हामीहरु चुनावी खेल र यसका नियमहरुलाई राम्रोसँग बुझ्ने छौं त्यो दिन नेपाल एउटा ठूलो परिवर्तन र समृद्धिको यात्रामा बेजोडले लम्किने छ । सिंगो नेपाललाई हेर्ने हो भने मुख्य शहरहरुमा चुनावी खेल बुझ्नेहरुको, राजनीतिलाई सापेक्षतामा हेर्ने/बुझ्नेहरुको क्रम बढीरहेको छ । यसपछिका निर्वाचनहरुमा पनि यसको व्यापक प्रभाव पर्ने पक्का छ ।

### प्रतिनिधिसभा र प्रदेशसभामा देखिएका लक्षणहरू

स्थानी चुनावपछि नेपाली समाजमा देखिएको मनोविज्ञानले राजनीतिमा नयाँ पुस्तालाई आकर्षित गरेको छ । नयाँनयाँ दृष्टिकोण र योजनासहित आफ्नो क्षेत्रको विकास र परिवर्तनका लागि पछिल्लो पुस्ता पनि चुनावी दौडमा होमिएको छ । पहिले कहिल्यै राजनीतिमा नदेखिएका नयाँ अनुहारहरु विभिन्न किसिमका अर्गानिक एजेन्डा सहित आइरहेका छन् । प्राविधिकरुपमा ठूलो आकार भएका मुख्य राजनीतिक दलहरु भित्र पनि नेतृत्वमा पुस्तान्तरणको सामान्य प्रभाव देखिएको छ ।

अभिमतलाई आफ्नो पक्षमा ल्याउन, अनेक किसिमका खेलहरुको अभ्यास समाजमा हुन्छन् । हरेक चुनावहरुमा दलहरु खेलका नयाँ-नयाँ मोडल लिएर जनताको विचमा आउँछन् । त्यस्ता गलत खेल र अभ्यासमा परिवर्तनको हुटहुटी भएका तिनै युवा प्रयोग भएनन् भने मंसिर चारको निर्वाचनबाट पनि अनपेक्षित परिणाम आउने निश्चित छ । अर्थात् यसपटकको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा भएका अभ्यास र पार्टीहरुले एकअर्काको सहारामा गरेका गठबन्धनको परिणाम अनपेक्षित आउने अनुमान गरिएको छ । मुख्य राजनीतिक दलका शीर्ष नेतृत्वबाहेक, दास्रो तहका र पटक-पटक एउटै क्षेत्रमा चुनावी अभ्यासमा उत्रेका नेताहरुको चुनावी नतिजा अनपेक्षित हुनेछ ।

हुनत झण्डै एक वर्ष अगाडिदेखि पूर्व प्रधानमन्त्रीहरुलाई प्रधानमन्त्रीको रेसबाट बाहिर ल्याएर राजनीतिमा पुस्तान्तरण गर्न युवा हस्तक्षेप हुनुपर्छ भन्ने मान्यताका छलफल र प्रयासहरु नभएका होइनन् तर त्यस्तो खालका प्रयासले केही सामाजिक मुभमेन्ट निकाले पनि शीर्ष नेताहरु अधिकांश ढुक्कले चुनाव जित्ने अवस्थामा छन् । सत्ता गठबन्धनको तालमेलमा रहेका कुल उम्मेदवार मध्ये २८ प्रतिशत क्षेत्रमा गठबन्धन दलहरुबीचको आन्तरीक कारणले एमाले वा गठबन्धन बाहिरका अन्य कुनै पार्टीको पोल्टामा नतिजा जानेछ । १७ प्रतिशत क्षेत्र स्वतन्त्र, साना दलहरु एवं सामाजिक व्यक्तित्वहरुको हातमा जाने सम्भावना छ ।

यसपटकको चुनावमा सत्ता गठबन्धन र प्रतिपक्ष बीचको प्रतिस्पर्धा पार्टीले जिते पनि प्राविधिक रुपमा हार्ने अनि कतिपय ठाउँमा पार्टीले हारे पनि प्राविधिक रुपमा जित्ने खालका रोचक परिणामहरु देखापर्ने छन् ।

(लेखक सुवेदी पूर्व सञ्चारकर्मी हुन् ।)

*(स्रोत: अनलाइनखबर)*

# डेंगुमा प्लेटलेट्स काउन्टको महत्व के हो ?

हाम्रो बोनम्यारोमा एउटा मेगाकारिसाइट भन्ने सेल हुन्छ । त्यो सेलको पेरिफेरी या साइटोप्लाज्मबाट निक्लेका सानासाना सेल्सहरुलाई प्लेटलेट्स भनिन्छ । जुन हाम्रो रगतमा देखिन्छ । कतै ब्लिडीङ भएमा त्यसलाई रोक्नको लागि प्लेटलेट्स सक्रिय हुन्छ ।

डेंगुमा त्यो भाइरसले गएर बोनम्यारोलाई दबाउने कारणले गर्दा रगतमा प्लेटलेट्सको मात्रा घट्न जान्छ । प्लेटलेटको रेफ्रेन्स रेन्ज १ लाख ५० हजारदेखि ४ लाख वा ४ लाख ५० हजार पर क्युविक एमएम हुन्छ । डेढ लाख भन्दा कम भयो भने प्लेटलेट कम भएको भनिन्छ । तर त्यो कम हुँदै गएपछि डेंगु हेमोरेजिक फिभर या डेंगु शक हुन सक्ने सम्भावना प्रवल हुन्छ । त्यसकारण डेंगु संक्रमण भएको समयमा डेंगु मोनीटरिङ गर्नु आवश्यक छ । यदी तपाई डेंगु भएर घरमै बसीरहनु भएको छ भने दुईदेखि तीन दिनमा प्लेटलेट काउन्ट गराउनु पर्छ ।

प्लेटलेट्स काउन्ट गर्ने धेरै प्रक्रिया भए तापनि अहिले काठमाडौंमा दुई तरिकाले यसको काउन्ट गरिन्छ । एउटा अटोमेटेड सेल काउन्टरबाट गरिन्छ भने अर्को स्लाइडमा म्यानुअल्ली प्लेटलेट्स काउन्ट गरिन्छ । यी दुवै तरिका राम्रो हो । तर धेरै प्राविधिक कारणले गर्दा अटोमेटेड मेसिनले जुन काउन्ट दिन्छ त्यो भन्दा विश्वासिलो म्यानुअल काउन्ट हुन्छ । म्यानुअलले जे छ सत्य तथ्य देखाउछ भने अटोमेटेडले थोरै कम देखाऊँछ । त्यसकारण डेंगु भएको बिरामीमा या आफ्नो हस्पिटलको ल्याबको प्रोटोकल अनुसार काम गरिन्छ ।

सामान्यतय धेरै अस्पतालमा डेढ लाख भन्दा कम प्लेटलेट्स देखिएमा स्लाइड बनाएर म्यानुअल्ली माईक्रोस्कोपमा काउन्ट गरिन्छ । डेंगुमा प्लेटलेट्स धेरै कम भयो भने ट्रान्सफयुज गर्नुपर्ने अवस्था समेत आउन सक्छ । त्यसकारण एक लाख भन्दा कम भयो भने लो रिक्स भनिन्छ । चालिस हजार भन्दा कम भयो भने मोडेरेट रिक्स र २० हजार भन्दा कम भयो भने हाई रिक्समा गनिन्छ । बिरामीको अन्य अवस्था हेरेर डाक्टरहरुले प्लेटलेट्स ट्रान्सफयुज गर्न सक्छन् । त्यसकारण यसको धेरै महत्वपूर्ण भूमिका छ ।

# प्रदर्शनको तेस्रो साता पनि हाउसफुल 'महापुरूष'




काठमाडौं/प्रदर्शनको तेस्रो सातामा समेत 'महापुरुष' हाउसफुल चलिरहेको छ । फिल्मले शनिबार बिहान काठमाडौं उपत्यकामा रहेका शोहरू हाउसफुल व्यापार गरेको छ । प्रदर्शनको दुई सातामा फिल्मले सात करोड चार लाख ग्रस कलेक्सन गरेको जनाइएको छ । यो फिल्म नेपालसँगै अमेरिकामा समेत इतिहास बनाउने दौडमा छ ।

फिल्मलाई अमेरिकामा नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीले प्रदर्शन गरिरहेको छ । डलासबाट सुरु भएको फिल्मले रेगुलर शोमै दर्शक पाइरहेको नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीका प्रतिक सुवेदीले जानकारी दिए ।

उनले नेपाली भाषी रहेको अमेरिकाको हरेक सहरमा फिल्म प्रदर्शन गर्ने जानकारी दिए । 'फिल्मको डिमाण्ड बढ्दो छ । स्थानीय फिल्म रिलिज हुँदा समेत हामीले हल पाइरहेका छौँ । जबकि यहाँ प्राइभेट नभई नेपाल झैँ सिधै टिकेर काटेर फिल्म हेर्ने मिल्ने गरी शो गरिरहेका छौँ',उनले भने ।

वितरक सुवेदीका अनुसार डलासमा मात्र नोभेम्बर १० सम्ममा ६९ शो भइसकेको छ भने एटलान्टा, जर्जिया बाल्टिमोर, मेरिल्याण्ड र नर्थ क्यारोलिना, लस एन्जलस, डेनभर, एक्रोन, ह्युस्टन, अस्टिन जस्ता सहरमा समेत प्रदर्शन भइरहेको फिल्म 'महापुरुष' को एक सय ४७ शो भइसकेको छ । विदेशी फिल्मकै शैलीमा प्रदर्शन भइरहेको पहिलो रहेको सुवेदीले बताए ।

यसले नेपालमा तेस्रो सातामा मल्टिप्लेक्स चेन क्युएफएक्सले मात्रै देशभरका आफ्ना आउटलेटमा २१ शो पाएको छ । क्युएफएक्स अन्तर्गत दरबार सिनेम्याक्समा एक शो, भक्तपुरमा रहेको क्युएफएक्समा तीन शो, लबिम मलमा चार शो, सिभिल मलमा तीन शो, ठमेलमा रहेको छायाँ सेन्टरमा एक शो दिएको छ ।

क्युएफएक्सकै मोफसल अन्तर्गत नेपालगन्जमा एक शो, बुटवलमा दुई शो, दमौलीमा एक शो, नारायणघाटमा रहेको जलमामा दुई शो, विराटनगरमा एक शो, विर्तामोडमा दुई शो दिएको छ । काठमाडौंमा रहेको मल्टिप्लेक्सहरुमा कमलपोखरी स्थित सिटी सेन्टरमा रहेको बिग मुभिजमा एक शो, दरबारमार्ग स्थित राइजिङ मलमा रहेको क्युज सिनेमाजमा एक शो, सुन्धारा स्थित सिटिसी मलमा रहेको सिने डी सेफमा एक शो र चाबहिलमा रहेको केएलटावरमा अवस्थित एफक्युबमा दुई शो रहेको छ । बानेश्वरमा रहेको वान सिनेमाजमा दुई शो र कालिमाटीमा दुई शो दिएको छ । यस्तै, आइएनआइ सिनेमाज अन्तर्गत लोत्से मलमा तीन शो र बुटवलमा रहेको आइएनआइमा तीन शो दिएको छ ।

# नेपाली विद्यार्थीले फिल्ममा मास्टर्स पढ्न अमेरिका जान पाउने




काठमाडौं/नेपाल फिल्म क्याम्पस र अमेरिकाको न्युयोर्क फिल्म एकेडेमीबीच फिल्म निर्माण र विविध विषयमा सम्झौता भएको छ । शुक्रबार राजधानीमा एक कार्यक्रमका बीच क्याम्पस प्रमुख शिशिर उप्रेती, एकेडेमीका सभापति माइकल योङ र उपसभापति जिम मिलरबीच सम्झौता भएको हो । उक्त कार्यक्रममा त्रिभुवन विश्व विद्यालयका रेक्टर शिवप्रसाल भुसालको पनि उपस्थिति थियो ।

नेपालका फिल्म कलेजमा अध्ययन गर्ने विद्यार्थीको अन्तर्राष्ट्रिय पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ अमेरिकाको फिल्म कलेजसँग सम्झौता गरेको उप्रेतीले जानकारी दिए । उनले भने- 'फिल्म स्थानीय उत्पादन र उपभोगको विषय मात्र रहेन । हाम्रा विद्यार्थीहरूले पनि अमेरिका र युरोपका विद्यार्थीसँग सृजनात्मक र प्राविधिक हिसाबले प्रतिस्पर्धा गर्न सकुन् भन्ने उद्देश्यले यो पहल थालेका हौँ ।'

दुवै फिल्म पढाउने संस्थाबीच भएको सम्झौताअनुसार आउँदो वर्षदेखि दुवै क्याम्पसले विद्यार्थीहरू आदान-प्रदान गर्नेछन् । यसरी आउने/जाने विद्यार्थीहरू १ महिना, ३ महिना र ६ महिनासम्मका लागि आउन/जान सक्ने कार्यक्रममा बताइयो । नेपालबाट जाने विद्यार्थीहरू न्युयोर्क, लस एन्जल्स र सिकागोमा रहेका एकेडेमीमा जानेछन् भने यी ठाउँका विद्यार्थीहरू पनि नेपाल आउने छन् ।

नेपाल फिल्म क्याम्पसमा ब्याचलरसम्मको अध्ययन पूरा गरि सकेपछि मास्टर्स गर्न जाने विद्यार्थीले अमेरिकाको न्युयोर्क एकेडेमीमा पूर्णदेखि आंशिक छात्रवृत्तिसम्ममा फिल्म पढ्न पाउने सम्झौता पत्रमा उल्लेख छ । विद्यार्थी आदान-प्रदान बाहेक नेपाली विद्यार्थीको सीप तथा क्षमता अभिवृद्धिका लागि फिल्मका विविध विषयमा कार्यशाला तथा मास्टरक्लासको पनि आयोजना हुने बताइएको छ ।

नेपाल फिल्म क्याम्पस र न्युयोर्क फिल्म एकेडेमीका ब्याचलर चौँथो वर्षका विद्यार्थीको संयुक्त प्रयासमा नेपालका हिमाल, पहाड, तराईका कथाको उत्खनन् गर्ने र तिनलाई दृश्यमा जिवन्त बनाउन 'कथा यात्रा'को आयोजना गरिने पनि कार्यक्रममा जानकारी दिइयो । क्याम्पस प्रमुख उप्रेतीले न्युयोर्क फिल्म एकेडेमीले फिल्म निर्माणमा चाहिने उपकरण सित्तैमा दिने वाचा गरेको बताए ।

# पल शाहले दिए जेल सजायको फैसलाविरुद्ध उच्चमा पुनरावेदन

काठमाडौं/बाल यौन दुरुपयोगको मुद्दामा २ वर्ष ६ महिना जेल सजाय र पीडित नाबालिगलाई १० लाख रुपैयाँ क्षतिपूर्तिको फैसला सुनाएको नवलपुर जिल्ला अदालतको आदेशविरुद्ध अभिनेता पल शाहले उच्च अदालत पोखरामा पुनरावेदन गरेका छन् । शुक्रवार शाहका अधिवक्ता कमलामोहन वाग्लेले नवलपुर जिल्ला अदालतको आदेश उल्टाएर सफाई दिन माग गर्दै निवेदन दर्ता गराएका हुन् ।

यसअघि पनि तनहुँ र नवलपुर अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि पलले उच्च अदालत पोखरामा पुनरावेदन चढाएका थिए । तर, उच्च अदालतले पनि जिल्ला अदालतकै फैसलालाई सदर गरेको थियो । नवलपुर जिल्ला अदालतले शाहलाई सजाय सुनाए पनि तनहुँ जिल्ला अदालतमा मुद्धा विचाराधिन छ । पल शाह करिब ९ महिनादेखि तनहुँ जिल्ला कारागारमा छन् ।

गत फागुनमा एक नाबालिगका पिताले पलविरुद्ध तनहुँ र नवलपरासी प्रहरीमा जबर्जस्ती करणीको अभियोगमा मुद्धा दर्ता गरेका थिए । जबर्जस्ती करणीको जाहेरी परेपछि पल फागुन १५ गते तनहुँ प्रहरी कार्यालयमा उपस्थित भएका थिए । तर, पछि तनहुँ र नवलपुर दुवै अदालतमा बकपत्र गर्ने क्रममा नाबालिगले आफूलाई शाहले जबर्जस्ती करणी नगरेको भन्दै बयान फेरेकी थिइन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# 'राजनीतिलाई पेशा बनाउने कुराको विरोधी हुँ'

ईन्द्रबहादुर बानियाँ, जसले मकवानपुरमा नेपाली कांग्रेसलाई संगठित बनाए । कम्युनिष्टहरुको गढको बीचमा कांग्रेसको झण्डा फहराए । कांग्रेस मकवानपुरको सभापति हुँदै हाल बागमती प्रदेशका सभापति रहेका बानियाँ मकवानपुर क्षेत्र नम्बर-२ (ख) बाट चुनावी मैदानमा छन् । गृह राज्यमन्त्री, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री बनिसकेका बानियाँ यसअघि ०७४ को निर्वाचनमा पनि सोही निर्वाचन क्षेत्रबाट बागमती प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । पाँच वर्षे कार्यकालमा उनले साढे ३ वर्ष प्रमुख प्रतिपक्षीको रुपमा भुमिका निर्वाह गरे । सहमति कार्यान्वयन भएको भए यति वेला बागमती प्रदेश सरकारको नेतृत्व बानियाँले गरिरहेका हुन्थे । तर लिखित रुपमा भएको सहमति पाँचदलीय सत्ता गठबन्धनले नै कार्यान्वयन नगरेपछि प्रदेशसभाको पहिलो कार्यकालमा प्रदेश सरकारको नेतृत्व गर्न बानियाँले पाएनन् । प्रदेशसभाको पहिलो कार्यकालमा मुख्यमन्त्री बन्ने अवसरबाट वञ्चित भएका बानियाँ दोस्रो इनिङमा उक्त अवसर पाउनका लागि यति वेला चुनावी मैदानमा छन् । यो निर्वाचनमा उनी निर्वाचित भए र कांग्रेसको नेतृत्वमा प्रदेश सरकार बनेको खण्डमा उनी कांग्रेसबाट बागमती प्रदेशको मुख्यमन्त्री बन्ने निश्चित छ । उनको उम्मेदवारी सेरोफेरोमा केन्द्रित रहेर बानियाँसँग ***साझाकुराकर्मी श्रीजना नेपाल***ले गरेको कुराकानी :

***तपाई दोहोऱ्याएर एउटै निर्वाचन क्षेत्रबाट उम्मेदवार बन्नु भएको छ । मतदाताहरुलाई कतिको उत्साही देख्नु भएको छ ?***

म २०७४ सालको निर्वाचनमा यसै क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य हुँ । यस अवधिमा मैले मतदाताहरुले दिनुभएको जिम्मेवारी निष्ठापूर्वक पूरा गरेको छु । मतदाताहरुलाई अहिले व्यवस्था परिवर्तन भयो तर जनताको अवस्था परिवर्तन कहिले हुन्छ भन्ने जिज्ञासा छ । त्यसैले जनतामा त्यति धेरै उत्साह देखिएको छैन । जनतामा आशा र भरोसा जगाउन हामिले धेरै काम गर्नुपर्नेछ । मतदाताहरुमा अहिले फेरि एकपटक संघीयताको पक्षमा , गणतन्त्रको समावेशीताको पक्षमा मत हाल्छौ भन्ने छ । तर, हामीहरुको अवस्था कहिले परिवर्तन हुन्छ भन्ने चाँही जनताको जिज्ञासा रहेको छ । त्यस कारण त्यो जिज्ञासा मेटाउने काम हाम्रो हो । जनताले दिएको मतले दृढता र संकल्पसहित अब हामि अगाडि बढ्छौ ।

***अघिल्लोपटक यही क्षेत्रबाट निर्वाचित भएपछि तपाई के-के काम गर्नुभयो ?***

म निर्वाचित हुँदा पनि नहुँदा पनि सधैं यहाँको जनतासँगै छु । जनताको विकास निर्माणको कुरामा पनि दुखसुखमा, अप्ठेरो पर्दाखेरी निरन्तर व्यक्तिगत रुपमा होस् या संस्थागत रुपमा साथ दिदै आएको छु । मैले निर्वाचित भएको पाँच वर्षमा ४ वर्ष संसदमा प्रतिपक्षले जे भुमिका खेल्नुपर्ने हो त्यो ईमान्दारितापुर्वक ,निष्ठापुर्वक निर्वाह गरे । संघ र प्रदेशबीच बनाउनुपर्ने नियम, कानुन, विधेयकहरु, प्रदेश र स्थानीय तहबीचको र प्रदेशको अधिकारको लागि विभिन्न विधेयक बनाउन प्रतिपक्षको रुपमा अनवरत रुपमा आफ्नो जिम्मेवारीको काम गरे । पछिल्लो समय गठबन्धनको सरकारमा आफ्नो पार्टीको मन्त्रीहरु पठाएपछि आफ्नो निर्वाचन क्षेत्रमा मैले आफूले सकेको अधिकतम गाउँमुखी बजेट लैजान सकेको छु । सबैभन्दा विकट राक्सिरा र कैलाश गाउँपालिका जस्तो ठाउँमा सबैभन्दा विकास भनेको सडक, खानेपानी, स्वास्थ्यको क्षेत्रमासँगै पुल निर्माण गर्ने काम पनि मैले गरेको छु । एउटा गाउँलाई अर्को गाउँसँग जोड्ने पुलदेखी पर वाभीरमा बाटो बनाउनेजस्तो काम पनि मैले गरेको छु ।

***देश संघीयतामा गएपछि दोस्रो पटक प्रदेशसभाको निर्वाचन हुँदैछ । प्रदेश संरचनाको पहिलो कार्यकाललाई कसरी मुल्यांकन गर्नुहुन्छ ?***

कार्यकाल त मेरो साढे ३ वर्ष प्रमुख प्रतिपक्षीको भुमिकामा नै गयो । त्यो बीचमा सरकारले जनताप्रति जुन किसिमको जिम्मेवारी पुरा गर्नुपर्थ्यो त्यो पुरा भएन । एमालेको नेतृत्वमा रहेको सरकारले कुरा धेरै गर्यो तर जनताको कामको मेसो नमिलाउने,कुरा एकतीर काम अर्कोतीर गर्ने गरेको हुनाले जनताहरु संघीय व्यवस्थातीरै निराश देखिएको होकि जस्तो छ । त्यो निराशा फैलाउने काम चाँही केपी शर्मा आलीबाट भयो । उहाँको पार्टीले देशको सबै प्रदेशमा सरकारको नेतृत्व गर्दा संघीयताको प्रदेशलाई बलियो बनाउने भन्दा पनि कमजोर बनाउने काम भयो । प्रदेशलाई केन्द्र सरकारले अधिकार पनि दिएन । न प्रदेशले आफ्नो अधिकारको लागि लडाई लड्यो । त्यसकारण एमालेको कार्यकालमा प्रदेशको अवस्था आफ्नो अधिकार प्रयोग गर्न नसकेको देखियो । त्यसैले प्रदेशलाई बलियो बनाउन मैले उम्मेदवारी दिएको हो । प्रदेश भनेको पहिचान हो । यो व्यवस्थालाई बलियो बनाउनुपर्दछ ।

***तपाई बागमती प्रदेशको भावी मुख्यमन्त्रीको बलियो दावेदार हुनुहुन्छ । प्रदेशको मुख्यमन्त्री बन्नुभयो भने तपाईको भुमिका कस्तो हुन्छ ?***

जनतालाई सर्वोपरि मानेर काम गर्दै जाने हो, पदमा हुँदा वा नहुँदा दुवै समय मैले निरन्तर जनताको हितमा काम गरेको छु । २०७० सालमा मकवानपुर क्षेत्र नम्बर-१ का मतदाताले निर्वाचित गरेर जिम्मेवारी दिएदेखि नै त्यस अघिझैं म निरन्तर कर्ममा अघि बढेको छु । यस अवधिमा मैले संविधानसभा सदस्य, गृह राज्यमन्त्री, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री र बागमती प्रदेश संसदीय दलको नेताको जिम्मेवारी कुशलतापूर्वक सम्हालिसकेको छु । बागमती प्रदेशको प्रमुख प्रतिपक्ष दलको नेताको जिम्मेवारीलाई संसदीय मर्यादाभित्र रहेर सशक्तढंगले पूरा गरेको छु । पछिल्लो पटक गठबन्धन दलको प्रदेश सरकार निर्माण भएपछि सत्तासाझेदार नेपाली कांग्रेस संसदीय दलका नेताका रुपमा सरकारमार्फत् जनताको विकासको भोक मेट्न काम गरेको छु । व्यक्तिगत्रुपमै जनताको शिक्षा, स्वास्थ्य, रोजगार, पूर्वाधार विकासलगायत क्षेत्रमा काम गरेको जस्ता कारण पनि मतदातामा मप्रति



## ईन्द्रबहादुर बानियाँ

लोकतान्त्रिक-बाम गठबन्धनका उम्मेदवार
प्रतिनिधिसभा क्षेत्र नं.-२ (ख), मकवानपुर

विश्वास र भरोसा छ । म पार्टीको इमान्दार कार्यकर्ता भएका कारण पार्टीले दिएको जिम्मेवारीलाई कुशलतापूर्वक सम्पन्न गर्न प्रतिवद्ध हुनेछु । मुख्यमन्त्रीको जिम्मेवारी पाउँदा प्रदेशको विकासलाई नयाँ उचाईमा पुऱ्याउन काम गर्नेछु । गरिव केन्द्रित, गाउँमुखी, सेवामुखी, न्यायमुखी र आयमुखी तीर लक्षित भएर प्रदेश सरकार अघि बढ्छ । प्रदेश सरकारले गरिवको छोराछोरीलाई निशुल्क शिक्षा दिने नीति लिन्छ । प्रदेशको सबै पालिकाबाट डाटा लिएर गरिवको छोराछोरीले निशुल्न पढ्न सक्ने व्यवस्था हुनेछ । प्रदेश सरकारले प्रदेशको सबै गरिव तथा विपन्नहरुको निशुल्क स्वास्थ्य बिमा गर्नेछ । स्वास्थ्य बिमाको रकम एक लाखबाट बढाउइनेछ । गरिवहरुको लागि १० हजार घर बनाउने काम पनि गरिन्छ । देशको राजधानी रहेको प्रदेशको गौरव बढाउनको लागि राजधानी चक्रपथ बनाउने तथा एअरपोर्ट बनाउने जस्ता धेरै काम गरिन्छ । त्यसको साथै प्रदेशलाई बलियो बनाउदै संघीयता कार्यान्वयनमा महत्वपुर्ण भुमिका खेलिनेछ ।

***तपाईको विपक्षमा उम्मेदवारी दिएकाहरु र असन्तुष्ट पक्षहरु पनि विस्तारै तपाईको समर्थनमा आइरहेका छन् । यो कसरी सम्भव भयो ?***

मैले उहाँहरुलाई गणतन्त्र सस्थागत गर्न र संघीयतालाई बलियो बनाउन संघीयता जोगाउन र मास्न खोज्नेबीचको निर्वाचनमा सहयोग गर्न अपील गरे । मेरो विरुद्धमा स्वतन्त्र रुपमा उम्मेदवारी दिनु भएको माओवादीको खुशीलाल चेपाङलाई मैले म चेपाङलाई मन्त्री बनाउने मान्छे हुँ तपाई पहिचानको लागि हिड्ने व्यक्ति यस्तो नगनुस् भनेपछि उहाँले मेरो आग्रह स्विकार्नु भयो । अरुले पनि उहाँहरुको उम्मेदवारीले गणतन्त्र मास्नेहरुलाई मद्दत पुग्ने हाकि भनेर उम्मेदवारी निस्क्रय पारेर मलाई सहयोग गर्नुभयो । जनताको लागि जनताले गर्ने व्यवस्थालाई बलियो बनाउनुपर्छ भनेर अहिले हामि सबै सँगै हिडिरहेका छौ ।

***तपाई बागमती प्रदेशको सभापति हुनुहुन्छ । गठबन्धन गरेर नेपाली कांग्रेस चुनावी मैदानमा छ । आगामी निर्वाचनबाट प्रदेशमा कांग्रेसको अवस्था कस्तो हुने अपेक्षा गर्नु भएको छ ?***

कांग्रेस ठुलो पार्टी हुन्छ । बहुमतको नजिक नजिक पुग्छ । प्रदेशभरी ६६ वटा निर्वाचन क्षेत्रमध्ये ४१ वटामा कांग्रेसले उम्मेदवारी दिएको छ । १८ वटामा माओवादी र ७ वटामा समाजवादी छ । गठबन्धनबाट कम्तिमा हामि ४६ को हाराहारीमा पुग्छौ भन्ने मैले व्यक्तिगत रुपमा अपेक्षा गरेको छु । निर्वाचनपछि हामि सरकार बनाउने कुरामा निश्चित छौ । गठबन्धन संविधानरक्षा र व्यवस्थाको सुदृढीकरणका लागि भएको विषय सबैलाई जानकारी नै छ । म गठबन्धनको साझेदार दल नेपाली कांग्रेस बागमती प्रदेशको सभापति भएकाले मैले नेपाली कांग्रेसका साथसाथै गठबन्धनमा रहेका दलका उम्मेदवारहरुको विजयलाई सुनिश्चित गर्ने अभिभारा बोकेको छु । यसअनुसार प्रदेश कार्यसमितिले बागमती प्रदेशका सबै निर्वाचन क्षेत्रमा व्यवस्थितढंगले निर्वाचन अभियानलाई अघि बढाउने काम गरेको छ । म विश्वस्त छु, हाम्रो गठबन्धनले हामीले राखेको लक्ष्य पूरा गर्दैछ । निर्वाचनपछि बागमती प्रदेश हाम्रो गठबन्धनमय हुनेछ । गठबन्धनको सफलतामा नेपाली कांग्रेसको पनि सफलता जोडिएको छ । नेपाली कांग्रेसप्रति मतदाताको विश्वास अत्यधिक रहेकाले वागमती प्रदेशमा कांग्रेसले उत्साहजनक सफलता हासिल गर्नेछ । मतदातामा नेपाली कांग्रेसको पूर्णविश्वास छ ।

***जनताले तपाईलाई किन भोट हाल्ने ?***

म जनताप्रति ईमान्दार छु । म विकासप्रेमी छु । म जनताको सुखदुखमा सधै उनीहरुकै साथमा हुन्छु । र म समाजसेवाको उद्धेश्यले राजनीतिमा आएको हुँ । जीवनयापनका लागि मेरो पेशा व्यवसाय छ, म राजनीतिलाई पेशा बनाउने कुराको विरोधी हुँ । म सधैं जनताको व्यक्तिगत् सुखदु:ख, सामाजिक हित र भूगोलको विकासमा जोडिएको छु । मैले आफ्नो निर्वाचन क्षेत्रको सडक, पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारीका लागि राज्यस्तरमा पहल गरेर धेरै काम गरेको छु । राज्यस्तरबाट हुन नसकेका कतिपय काम मले आफ्नो व्यक्तिगत् सहयोगबाटै पूरा गरिरहेको छु । यसबारे मेरो निर्वाचन क्षेत्रमात्र नभइ प्रदेशका जनतालाई नै अवगत छ । म विकास र जनताको जीवनस्तर सुधारका लागि वागमती प्रदेशका सबै जिल्लामा पुगेर समस्या समाधानमा जुटेको छु । जनताका व्यक्तिगत् समस्यादेखि विकासका काममा समेत प्रत्यक्ष जोडिएर काम गरिरहेकाले पनि मतदाता मलाई मतदान गर्न आतुर हुनुहुन्छ । म पुन: अर्को कार्यकाल आफ्ना मतदाताको सेवाका लागि दृढ संकल्पित भएर अघि बढेको छु ।

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

**भर्ना खुल्यो! भर्ना खुल्यो !**

**3 YEARS LAB TECHNICIAN RADIOGRAPHY**

**पुन: प्रवेश परिक्षा**

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०७९/०८० को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (See/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरु

- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

Lab Technician केही सिट
Radiography केही सिट

फारम शुल्क रु १५००/-

- फारम वितरण मिति: २०७९/०७/२१ गते सोमबार देखि
- फारम बुझाउने अन्तिम मिति: २०७९।०७।२७ गते बेलुका ४:३० सम्म
- प्रवेश परिक्षा मिति : २०७९/०७/२९ गते बिहान ८:००

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**

हेटौंडा-४ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२/५२०६८८ ९८४५०२९८१०, ९८६०२०२६७१

# किसान क्रेडिट कार्डबाट गाईपालन, सुधारिँदै आर्थिक अवस्था



हेटौंडा, २६ कात्तिक/ मकवानपुरगढी गाउँपालिका-३ देवीडाँडाका ८ जना महिला कृषकहरुले गतवर्ष २०७८/०७९ मा किसान क्रेडिट कार्डमार्फत् लिएको कर्जाबाट गरेका कामको अनुगमन गरिएको छ । गाउँपालिका र नबिल बैंक लमिटिडेका प्रतिनिधिहरुले शनिबार कर्जा सदुपयोग भएनभएको अनुगमन गरेका हुन् ।किसान क्रेडिट कार्डबाट किसानहरुलाई गाईपालनका लागि २ लाख रुपैयाँ उपलब्ध गराईदै आएको छ । नबिल बैंक लिमिटेड मक्रान्चुली शाखाका प्रबन्धक पुष्पराम महतो र मकवानपुरगढी गाउँपालिका कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरी किसानहरुको गोठमै पुगेर गाईपालनको अवस्थाबारे जानकारी लिएका थिए ।

विपन्न तथा साना किसानले पाउने उक्त कर्जाबाट गाईपालन गर्दै उनीहरुले मनग्य आम्दानी गर्दै आइरहेको पाइएको छ । अनुगमनको क्रममा किसानहरुले गाई खरिद गरेको, केहीले गाई खरिदसँगै गोठ सुधार गरेको देखिएको कृषि शाखा प्रमुख चौधरीले बताए । उनीहरुले नियमितरुपमा दूध बिक्री गरी आम्दानी गरिरहेको उनले बताए । कृषकहरुसँग अन्तर्क्रिया गर्दा ॠणको रकम बृद्धि गर्दा कृषकहरु लाभान्वित भई व्यवसायसमेत बृद्धि हुने चौधरी बताउँछन् । साना किसानलाई आयआर्जनमा जोड्ने गरी निवर्तमान गाउँपालिका अध्यक्ष बिदूर हुमागाईले किसान क्रेडिट कार्डबाट कर्जा दिने व्यवस्था लागू गरेका थिए ।

# बकैयाबाट थापा र विष्टले भने, 'एमाले विकास र समृद्धिको सम्बाहक'

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा एमालेबाट उम्मेदवार रहेका कमल थापाले राष्ट्रवादी सर कार गठनको अभिभारा एमालेले बोकेको बताएका छन् ।

एमाले राष्ट्रवादी पार्टी भएकै कारण राप्रपा नेपालले मिलेर निर्वाचनमा हातेमालो गरेको उनले बताए । शनिबार बकैया गाउँपालिकामा भएको एमालेको चुनावी सभालाई सम्बोधन गर्दै थापाले एमाले विकास र समृद्धि चाहने पार्टी रहेको बताए ।

थापाले एमाले अध्यक्ष केपी शर्मा ओली राष्ट्रियता बोक्न सक्ने आँटिलो नेता भएको बताएका छन् । ओलीले नाकाबन्दीको समयमा लिएको चट्टानी अडान र र ाष्ट्रियताको सवालमा ऐतिहासिक निर्णय लिन सक्ने नेता भएको उनको भनाइ थियो । थापाले ओली जस्तो एउटा दृढ अडान र राष्ट्रवादी सोच भएका नेताले यो देशलाई संकटबाट मुक्त तुल्याउनका लागि ऐतिहासिक निर्णय लिनसक्ने धारणा राखे ।



मकवानपुरको प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र १ को (क)मा एमालेबाट उम्मेदवार रहेका कमल विष्टले एमाले विकास र समृद्धिको सम्बाहक रहेको बताएका छन् । एमाले देशको पक्षमा निरन्तर पहरेदार गर्ने पार्टी भएकोले नेकपा एमालेलाई जिताउन आग्रह गर्दै नेकपा एमालेको विकल्प नभएको बताए ।

शनिबार बकैयामा भएको चुनावी सभा र विद्यार्थी भेलामा बोल्दै जनताको धेरै विश्वास पाउने बताउँदै एमालेको जितलाई कसैले रोक्न नसक्ने दाबी गरे । एमालेको सरकारले निरन्तर अडान लिएका कारण लोकतन्त्र र गणतन्त्रका लागि नेकपा एमालेलाई जिताउनु पर्ने बिष्टको भनाइ थियो । स्वाधिनता, समृद्धि र विकास चाहने हो भने नेकपा एमालेले चुनावमा बिजयी बनाउन आग्रह गरेका छन् ।

साथै, उनले परमादेश सरकारले एमालेबिरुद्ध सबै जाल झेल र षड्यन्त्र गरेको बताउँदै नेकपा एमालेको चुनाव चिन्ह सूर्यमा मत हाली बिजयी बनाएमा विकास समृद्धिका बाँकी काम एमालेले पूरा गर्ने बताए । अहिले राष्ट्रियता जोगाउने र नजोगाउनेबीच युद्ध र आन्दोलन मंसिर ४ गते हुने भन्दै राष्ट्रियता जोगाउनेलाई बिजयी बनाउन उनले आग्रह गरेका छन् ।

कार्यक्रममा प्रतिनिधि सभा क्षेत्र नम्बर १ का उम्मेदवार कमल थापा, एमाले केन्द्रीय कमिटी सदस्य कृष्णप्रसाद दाहाल, राष्ट्रियसभा सदस्य रामचन्द्र राई, बागमती प्रदेश कमिटी सदस्य श्रीधर पोखेल, देवराज रिमाल, पार्टी जिल्ला उपसचिव हिदम लामालगायतको आतिथ्यता थियो ।

# वादविवाद प्रतियोगितामा पराजुली उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ हेटौंडामा भएको वादविवाद प्रतियोगितामा हेटौंडा-९, स्थित कृष्ण आदर्श इङ्लिस सेकेन्डरी बोर्डिङ स्कुलकी छात्रा श्रेया पराजुली उत्कृष्ट भएकी छन् ।

संस्थागत विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) हेटौंडा नगर समितिको अयोजनामा भएको प्रतियोगितामा कक्षा १० मा अध्ययनरत् पराजुली उत्कृष्ट ३ भित्र पर्न सफल भएकी हुन् ।

हेटौंडा-१३ स्थित पदमपोखरीमा रहेको सनराइज बोर्डिङ स्कुलमा भएको प्रतियोगितामा पराजुलीसँगै जीएस निकेतनका आदर्श पौडेल र नवोदय शिशु सदनकी दर्शना सापकोटा उत्कृष्ट हुँदै शिल्ड र प्रमाणपत्र हात पारे । 'शस्त्र विद्याभन्दा शास्त्र विद्या नै ठूलो' भन्ने विषयमा भएको वादविवाद प्रतियोगितामा नगरभित्रका १६ वटा विद्यालयको सहभागिता थियो ।

प्रतियोगितामा जेम्स बोर्डिङ स्कुलका रिभिसन हुमागाई र सनराइजका विजय तामाङ सान्त्वना हुँदै शिल्ड र प्रमाणपत्र प्राप्त गरेका थिए । प्याब्सन नगर कमिटीका अध्यक्ष राजकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यता थियो ।

प्रतियोगितामा साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपाने र शिक्षक एवम् मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी वर्तौला निर्णायक थिए ।

# एकीकृत कृषि तथा खाद्य प्रणालीबारे छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ हेटौंडामा एकीकृत कृषि तथा खाद्य प्रणालीबारे छलफल भएको छ ।

खाद्यका लागि कृषि अभियानले ४२ औं विश्व खाद्य दिवसको अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश हेटौंडाको सहकार्यमा एक दिने छलफल कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रमको प्रमुख अतिथी प्रदेश निति तथा योजना आयोग बागमती प्रदेशका उपाध्यक्ष डा. कृष्णराज पन्तले किसानहरुको आन्दोलन यथार्थ नै रहेको बताए ।

अनुदान लिनका लागि मात्र फर्म दर्ता गर्ने किसानहरु बढेको भन्दै उनले कृषि अनुदान बन्द गरि एको बताए ।

यस्तै, खाद्यका लागि कृषि अभियानका अभियान्ता दिपेश नेपाल, कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशका वरिष्ठ कृषि प्रचार अधिकृत तथा प्रवक्ता झलकनाथ कंडेल लगायतले एकीकृत कृषि तथा खाद्य प्रणाली समसामायिक विषयमा मनतव्य व्यक्त गरेका थिए ।

अभियानका संयोजक उद्धव अधिकारीको सभाध्यक्षमा भएको कार्यक्रम अभियानले उत्पादन पोषण र वातावरणमा सुधार : सुखी जीवनको आधार भन्ने नाराका साथ कार्यक्रमको आयोजना गरेको थियो ।

# मतदानका दिन अत्यावश्यक सेवाका लागि सवारी पास नचाहिने

काठमाडौं/मतदानको दिन अत्यावश्यक सेवाका लागि सवारी अनुमितपत्र लिनु नपर्ने भएको छ । निर्वाचन आयोगले मङ्सिर ४ गते मतदानको दिन अत्यावश्यक सेवाका सवारी साधन प्रयोग गर्न सवारी अनुमतिपत्र लिनु नपर्ने गरी सहज आवागमनको व्यवस्था गरेको हो ।

बिरामी बोकेको एम्बुलेन्स, शव वाहन, दमकल, खानेपानीको ट्यांकर, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, दूध बोक्ने सवारी साधन, दूरसञ्चार तथा केवल सेवाका लागि प्रयोग हुने सवारी साधन, अस्पतालमा कार्यरत परि चयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधनका लागि अनुमित लिनु नपर्ने आयोगले जनाएको छ ।

यस्तै सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रार को कार्यालय वा प्रदेश सरकार माहतहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानुन बमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चार गृहबाट जारी परिचय पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन निर्वाध रुपमा सञ्चालन हुनेछन् ।

निर्वाचन आयोगबाट जारी परिचयपत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन, तरकारी, फलफूल तथा विद्युत् सेवाका लागि प्रयोग हुने सवारी साधन, कूटनीतिक नियोग, युएन एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थामा कार्यरत पदाधिकारी एवं कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधनका लागि पास नचाहिने आयोगले जनाएको छ ।

सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन, आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन मतदानका दिन निर्वाधरुपमा सञ्चालन हुन पाउनेछन् ।

अत्यावश्यक सेवाका सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न नपाइने आयोगले जनाएको छ ।

# एमाले मकवानपुरलाई परिवार दलको समर्थन



साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ मकवानपुरमा नेकपा एमालेलाई नेपाल परिवार दलले आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि समर्थन गर्ने भएको छ ।

नेपाल परिवारदलले एमालेबाट जिल्लामा उम्मेदवार रहेका प्रतिनिधिसभाका दुई र प्रदेशसभाका ४ जना उम्मेदवारलाई सहयोग गर्ने शनिबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ ।

जसअनुसार प्रतिनिधि सभा क्षेत्र नम्बर १ मा एमालेका उम्मेदवार कमल थापा, प्रदेशसभाका उम्मेदवार कमल विष्ट, एकालाल श्रेष्ठ, प्रतिनिधिसभा २ नम्बर क्षेत्रका उम्मेदबार महेश बर्तौला, प्रदेशसभाका उम्मेदबार विष्णु ढकाल र लालबहादुर थापालाई सहयोग पुग्ने भएको छ ।

शनिबार परिवार दलका तर्फबाट जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य हरिबहादुर लोप्चनले पत्रकार सम्मेलन गर्दै आफ्नो पार्टीले प्रतिनिधिसभा र प्रदेशसभातर्फ एमालेका उम्मेदवारलाई मतदान गर्ने बताए । परिवार दलभित्र आवद्ध रहेका र बाहिरसमेत रहेका आमनागरिकलाई एमाले नै राष्ट्रियताको पक्षमा उभिएको पार्टी भएकाले मतदान गर्न लोप्चनले आग्रहसमेत गरेका । परिवार दलले मकवानपुरमा एमालेका उम्मेदवार लाई सहयोग गर्ने कदम सकारात्मक रहेको एमाले मकवानपुर प्रचार विभाग प्रमुख ध्रुवप्रसाद चौलागाईले बताए ।

# गरिब जनताको लागि १० हजार घर निर्माण गर्ने बानियाँको प्रतिवद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २६ कात्तिक/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्वर (२ प्रदेशसभा (ख) मा लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार ईन्द्रबहादुर बानियाँले बागमती प्रदेशको १३ जिल्लाका गरिब, निमुखा जनताको लागि १० हजार घर निर्माण गरी हस्तान्तरण गरिने बताएका छन् ।

गठबन्धनले आयोजना गरेको कैलाश ७ र ८ को संयुक्त चुनावी सभालाई सम्बोधन गर्दै नेता बानियाँले गठबन्धनको सरकार बनेपछि प्रदेशको १३ जिल्लाका गरिब, निमुखा जनताको लागि १० हजार घर निर्माण गरी हस्तान्तरण गरिने बताएका हुन् । उनले मकवानपुरमा पूर्वाधार विकासको कामलाई विशेष प्राथमिकता दिने प्रतिवद्धता जनाए ।

बानियाँले जिल्लाको सडक पूर्वाधार विकास गरिनुको साथै ग्रामिण विद्युतीकरण, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र रोजगारलगायत क्षेत्रलाई प्राथमिकता दिइने बताए । बागमती प्रदेशमा गठबन्धनको सरकार बनेसँगै १० महिनाको अवधिमा कैलाश गाउँपालिकामा मात्रै २२ करोड रुपैयाँ बजेट विनियोजन गरिएको उनले बताए । उनले आृनो राजनीति गरिब, पिछडिएका, लोपोन्मुख समुदायको विकास, रोजगारी र समृद्धिसँग जोडिएको दावी गरे । उनले राजतन्त्रसंग सहकार्य गरेर गणतन्त्र र व्यवस्था मास्न बारम्बार प्रहार गर्ने नेकपा एमालेलाई अबको निर्वाचनबाट परास्त गर्नुपर्ने बताए ।



एमाले राजतन्त्र ब्यूँताउन खोज्ने, देश टुर्क्याउन खोज्नेहरुसँग मिलेर संघीयताविरोधी गतिविधिमा सक्रिय रहेको भन्दै जनताले प्रतिगमनकारी शक्तिलाई अब परास्त गर्ने बानियाँले बताए । उनले गाँजा विधेयक ल्याएर ओसारपसार कै आधारमा परेकालाई जेलमुक्त गरिने बताए ।

विश्व स्वास्थ्य संगठनले गाँजालाई औषधिमुलक बनस्पती भनिसकेको अवस्थामा अब प्रशोधन गरेर विदेश निर्यात गरी देशको अर्थतन्त्र बलियो बनाउनुपर्ने बानियाँको भनाई छ । उनले मकवानपुरवासीको लागि व्यक्तिगत लगानीमै भएपनि कोरोनाको महामारीमा खाद्यान्न, जाडोमा न्यानो कपडा सहयोग गर्दै आएको स्मरण गर्दै आफु हुन्जेल कसैले भोकै र कठ्याङ्ग्रीएर बस्नु नपर्ने बताए ।

गठबन्धन कैलाश(७ का चुनाव प्रचारप्रसार संयोजक उदासकुमार भ्लोनको अध्यक्षतामा भएको कार्यक्रममा गठबन्धनका विभिन्न दलका नेताहरु क्रमश ओम घलान, सन्तबहादुर प्रजा, मुनु सिग्देल, गोविन्दराम चेपाङ, लोकबहादुर मोक्तान, पदमबहादुर तितुङ, बालकुमार मल्ल, राजेन्द्र घिसिङ लगायतको आतिथ्यता रहेको थियो ।




HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना